दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २०२ | बुटवल | २०८२ साउन ०२ गते, शुक्रबार | नेपाल संवत ११४५ | Friday July. 18, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## रविको पक्षमा २५ लाख हस्ताक्षर

बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सभापति रवि लामिछानेका पक्षमा हालसम्म झन्डै २५ लाख हस्ताक्षर संकलन भएको जनाएको छ । बिहीबार पार्टी कार्यालय बनस्थलीमा पत्रकार सम्मेलन गरी रास्वपाले पार्टी सभापति लामिछानेविरुद्ध राज्यले प्रतिशोध साँधेको भन्दै चलाएको अभियानमा २४ लाख ५७ हजार ६१८ जनाले हस्ताक्षर गरेको जानकारी दिएको हो ।

असार ७ बाट सुरु भएको अभियान अब गाउँतहसम्मै पुऱ्याउने रास्वपा नेता दीपक बोहराले जानकारी दिए । उनका अनुसार प्रदेश, जिल्ला र पालिकास्तरमा चलेको हस्ताक्षर अभियान साउन ५ गतेबाट जनस्तरसम्म पुऱ्याउन घरदैलो अभियान सञ्चालन गर्ने पार्टीको तयारी छ । संगठित सहकारी ठगी प्रकरणमा रास्वपा सभापति हाल भैरहवास्थित कारागारमा पुर्पक्षको सजाय काटिरहेका छन् ।

साथै उपचुनाव हुन लागेको रुपन्देही-३ का ३६ वटै वडामा बुथमार्फत् अभियान सञ्चालन गर्ने रास्वपाले जनाएको छ ।

रास्वपाका अनुसार बागमती प्रदेशमा सबभन्दा बढी ६ लाख ३९ हजार ८६ जनाले लामिछानेविरुद्ध हस्ताक्षर गरेका छन् ।

गण्डकीमा ४ लाख, ३९ हजार ७२३, लुम्बिनीमा २ लाख ३६ हजार ५९५, कोशीमा १ लाख ६६ हजार ८६१, सुदूरपश्चिममा ९४ हजार ५३५, कर्णालीमा ४३ हजार ७७५, मधेशमा २० हजार ५०५ र केन्द्रीय कार्यालयमा ३३ हजार ३७० जनाले अभियानमा हस्ताक्षर गरेका छन् । यसबाहेक भर्चुअल र अन्य माध्यमबाट ७ लाख ९० हजार २३० जनाले हस्ताक्षर गरेका छन् ।

हस्ताक्षरका अभियानका लागि हालसम्म ४६ लाख १२ हजार ६३७ रुपैयाँ सहयोग प्राप्त भएको रास्वपाले जनाएको छ ।

## घुस मागेको प्रमाणित भए सजाय भाग्छु : मन्त्री अधिकारी



बुटवल । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले अडियो आफ्नो अभीष्ट पूरा हुन नपाएपछि चरित्रहत्या गर्ने प्रयास भएको बताएका छन् ।

मन्त्रालयले बिहीबार भूमि मन्त्रीको एक वर्षको प्रगति प्रतिवेदन सार्वजनिक गर्ने क्रममा उनले यस्तो बताएका हुन् । उनले कास्कीका मालपोत अधिकृतको सरुवा गर्न चाहने व्यक्तिले त्यो नपाएपछि अडियो सार्वजनिक गरेको बताए ।

'मालपोत अधिकृत फिर्ता गर्न आएका थिए, मैले हुन्न भनेपछि यी कुरा बाहिर आएका हुन् । मालपोत अधिकृत पुसमै सरुवा हुनुभएको हो । अहिले उहाँले त्यहाँ बस्दिनँ, जान्छु पनि भन्नुभएको थिएन । त्यसैले सरुवा गर्ने कुरै थिएन, त्यो पूरा नभएपछि चरित्रहत्या गर्न खोजियो ।'-उनले भने । उनले अडियोसँग सम्बन्धित मान्छे आफूसँग नजोडिएको भन्दै कहीं कतै संलग्नता पाइए जस्तोसुकै सजाय भोग्न पनि तयार रहेको बताए ।

घुस डिल भएको भनिएको अडियोमा मन्त्री अधिकारी, उनका छोरा मनोज अधिकारीलगायतको नाम मुछिएको छ । उक्त अडियो केही दिनयता सामाजिक सञ्जालमा भाइरल बनेको छ । घुस डिल अडियो सार्वजनिक भएकै कारण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजुमार गुप्ताले राजीनामा दिइसकेका छन् ।

# रूपन्देहीमा विकास बजेट ६०.७२ प्रतिशत खर्च
# राजस्व आम्दानी १ खर्ब २० अर्ब ६९ करोड

**मोहम्मद हबिब**
*भैरहवा*



रुपन्देहीमा आर्थिक वर्ष २०८१/०८२ मा कुल बजेटको ७८ दशमलव ८७ प्रतिशत मात्र खर्च भएको छ । कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीले सार्वजनिक गरेको रुपन्देहीस्थित संघीय कार्यालयहरुको आर्थिक वर्ष २०८१/०८२को प्रारम्भिक वित्तीय अवस्थाको तथ्याङ्क अनुसार कुल बजेट ३१ अर्ब ८० करोड ७ लाख ३० हजार ९३७ रुपैयाँ बजेट कायम गरेकोमा २५ अर्ब ८ करोड २७ लाख ४९ हजार ८४३ रुपैयाँ खर्च भएको छ । चालुगत खर्च बढे पनि पुँजीगततर्फ भने बजेट खर्च कम भएको छ ।

रुपन्देहीका लागि यस आर्थिक वर्षमा चालूतर्फ १८ अर्ब ३४ करोड ४६ लाख ७५ हजार ९ सय ६८ मध्ये १६ अर्ब ९१ करोड २३ लाख १० हजार ९ सय ६९ रुपैयाँ अर्थात् ९२ दशमलव १९ प्रतिशत खर्च भएको छ भने पुँजीगततर्फ अख्तियारी आएको कुल बजेट १३ अर्ब ४५ करोड ६० लाख ५४ हजार ९ सय ६९ मध्ये ८ अर्ब १७ करोड ४ लाख ३८ हजार ८ सय ७४ अर्थात् ६० दशमलव ७२ प्रतिशत रकम खर्च भएको कोलेनिका कार्यालय रुपन्देहीका प्रमुख कोष नियन्त्रक मञ्जुकुमारी जैसी ढकालले जानकारी दिइन ।

अघिल्लो आर्थिक वर्षभन्दा गएको आर्थिक वर्षमा खर्चको क्रम बढ्दो देखिएको छ । आर्थिक वर्ष २०८०/०८१ मा भन्दा अहिले ३५ दशमलव ८१ प्रतिशतले खर्च बढी भएको छ । पुँजीगततर्फ २०८०/०८१ मा अख्तियारी आएको कुल बजेट ७ अर्ब ६६ करोड भएकोमा अहिले दोब्बर बजेट विनियोजित भएकोले १ सय ६७ दशमलव ७९ प्रतिशतले पुँजीगत खर्च बढी भएको कार्यालय प्रमुख जैसी ढकालले बताइन ।

विकास बजेटको रुपमा रहेको पूर्वाधारको आवश्यकता पूरा गर्ने बजेट पुँजीगत खर्च हो, यो नहुनु भनेकै विकास नहुनु हो । हरेक वर्ष पुँजीगत खर्च शत प्रतिशत गर्ने कुरा उठाए पनि ती घोषणाको रुपमा मात्रै हुने गरेको छ । अझै पनि अन्तिम समयमा आएर बजेट खर्च गर्ने परिपाटी अन्तय भएको छैन । असारमा मात्रै बढी खर्च गर्ने परिपाटी कायम नै छ । आर्थिक वर्ष २०८१/८२ को असारमा मात्रै कुल पुँजीगत खर्चको ४० दशमलव ३३ प्रतिशत अर्थात् ३ अर्ब २९ करोड ४८ लाख ३३ हजार खर्च भएको देखिन्छ ।

कार्यालय प्रमुख जैसी ढकालले असारमा देखिने खर्च बढि रहेता पनि ती खर्च वर्ष भरि गरेको कामको पनि खर्च रहेको बताइन । उनले कामको पूर्णता नहुँदा, अनुगमन र भेरिफिकेशनको काम साथै कागज पत्र नमिलेको कारण पनि असारमा अन्तिम समय भएकोले अन्तिममा गर्ने परिपाटीले पनि बढी देखिएको हो । यसलाई अझै घटाउनेतर्फ लाग्नुपर्ने उनको भनाइ छ ।

विगत केही वर्ष अगाडि सामानान्तर रुपमा बजेट खर्च भए पनि यो क्रम विस्तारै हट्दै गएको छ । सरकारले यसैलाई मध्यनजर गर्दै संविधानमै जेठमा बजेट प्रस्तुत गर्नुपर्ने बाध्यत्मक व्यवस्था गरेको थियो । तर काम गर्ने परिपाटी उस्तै भएपछि पुँजीगत खर्च बढ्न सकेको छैन ।

आर्थिक वर्ष २०७९/०८० मा ४२ अर्ब २ करोड ६९ लाख ६३ हजार ४ सय ५१ रुपैयाँ बिनियोजित रकमको ८८ प्रतिशत रकम खर्च भएको थियो । जसमा पुँजीगत खर्च ७१ प्रतिशत रहेको थियो । ०८०/०८१ मा कुल बजेटको ६९ दशमलव ८५ प्रतिशत चालुतर्फ र ३० दशमलव १५ प्रतिशत पुँजीगततर्फ बजेट कायम भएकोमा चालुतर्फ ९१ र पुँजीगततर्फ ३६ प्रतिशतमा खर्च भयो ।

विगतको तुलनामा अहिले पुँजीगत खर्चको तथ्याङ्क केही राम्रो भए पनि अझै सुधार गर्नुपर्ने आवश्यकता छ । रुपन्देहीको सबैभन्दा बढी बजेट बुटवल-गोरुसिंगे-चन्द्रौटा सडक योजना बुटवलको रहेकोमा यो वर्ष ४८ दशमलव ३४ प्रतिशत मात्र खर्च भयो । ३ अर्ब ८० करोड ८ लाख बजेट कायम भएकोमा १ अर्ब ८४ करोड ६ लाख मात्रै खर्च भएको छ । यस्तै स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय बुटवलले ३ अर्ब ४० करोड ८४ लाख बजेट कायम भएकोमा १ अर्ब ६७ करोड ९९ लाख अर्थात् ४९ प्रतिशत मात्रै खर्च गरेको छ ।

यस्तै सडक डिभिजन कार्यालयले ८४ प्रतिशत, संघीय आयोजना कार्यान्वयन इकाईले ६२ प्रतिशत , संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले ९६ प्रतिशत, आर्थिक करिडोर कार्यालय बुटवलले ४८ प्रतिशत, जनताको तटबन्ध कार्यक्रमले ५७ दशमलव ९४ प्रतिशत खर्चेको छ ।

सरकारले पुँजीगत खर्चलाई जबसम्म यथोचित ढंगले कार्यान्वयन गर्न सक्दैन, तबसम्म जतिसुकै अन्य कुरामा सुधार गरे पनि देशको विकास हुन सक्दैन । पुँजीगत खर्चका लागि भएका मौज्दात ऐन, नियम, कानुन पनि बाधक छन, सरकारले गम्भीर भएर इमान्दारी पूर्वक लागे पुँजीगत खर्च ठीक समयमा ठीक ढंगले हुनेछ । जनता र सत्ता विपक्षीहरुले सचेत हुँदै खर्चको नियमन र निगरानी गर्नु पर्छ ।

चालु बजेट खर्च हुने पुँजीगत खर्च नहुनु भनेकै कर्मचारीहरुले काम नगरिदिँदा पूर्वाधार तथा आयोजनाको काम सूस्त हुनु हो । समानान्तर रुपमा बजेट खर्च नहुँदा यसको असर अन्तिममा पर्छ । अन्तिम समयमा आएर गरेको विकास निर्माणले गुण्स्तरीयतामा पनि प्रश्न उठ्छ । प्रतिशतमा मात्रै देखिने त्यो खर्च हतारहतारमा खर्च भएको हुन्छ, कति पय फ्रिज हुन्छ भने कति पय त कागजमै मात्र खर्च हुने गरेको पाइन्छ । सरकारले विकासलाई प्राथमिकता र समयमा गर्नका लागि बजेट निकासा चाँडै गर्ने गरेको छ ।

**राजस्व आम्दानी १ खर्ब २० अर्ब बढी**

रुपन्देहीमा भने गत वर्षको तुलनामा राजस्व असुली केही बढेको छ । जिल्लाको सबैभन्दा ठूलो आम्दानीको श्रोत भैरहवा भन्सार कार्यालय नै रहेको छ ।

कोष तथा लेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/०८२ मा रुपन्देहीबाट १ खर्ब २० अर्ब ६९ करोड ८८ लाख ४६ हजार ८ सय २६ रुपैयाँ ६७ पैसा राजस्व आम्दानी भएको छ । आर्थिक वर्ष २०७९/०८० मा १ खर्ब २ अर्ब २२ करोड ३० लाख ३७ हजार ८ सय ९० रुपैयाँ ६३ पैसा राजस्व आम्दानी भएको थियो, यस्तै वर्ष २०८०/८१ मा १ खर्ब ४ अर्ब ८१ करोड ३८ लाख १० हजार ६ सय ९४ रुपैयाँ ८७ पैसा राजस्व आम्दानी भएको थियो ।

रुपन्देहीमा अहिले पनि सबैभन्दा बढी राजस्व भैरहवा भन्सार कार्यालयले नै असुल गरेको छ । भन्सारले ९५ अर्ब १९ करोड रुपैयाँ, यस्तै आन्तरिक राजस्व कार्यालय भैरहवाले १२ अर्ब ९८ करोड र आन्तरिक राजस्व कार्यालय बुटवलले ११ अर्ब ६३ करोड राजस्व आम्दानी गरेको छ ।

## ग्रामीण विकास लघुवित्तमा विवाद :
# मर्जर निर्णय खारेज गर्न शेयरधनी र कर्मचारीको माग



बुटवल । नेपाल ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.का संस्थापक शेयरधनी र कर्मचारीले हालै सम्पन्न दशौं साधारणसभाको निर्णय खारेज गर्न माग गरेका छन् । गत असार २८ गते सम्पन्न दशौं साधारणसभाले सर्लाहीको समाज लघु वित्तसँग गरेको मर्जरको निर्णय गरेको थियो । उक्त साधारणसभामा आफूहरुलाई सूचना र सहभागी हुन नदिइ निर्णय गरिएको भन्दै खारेजीको माग गर्दै संस्थापक महिला शेयरधनीहरुले प्रमुख कार्यकारी अधिकृत श्यामकुमार कटुवाललाई ध्यानाकर्षण गराएका हुन् ।

राष्ट्रियस्तरको लघुवित्त संस्थाले ३ जिल्ला कार्यक्षेत्र भएको संस्थासँग मर्ज गर्ने निर्णय औचित्यहीन भएको भन्दै तत्काल खारेज गर्न शेयरधनी महिलाहरुको माग छ ।

ध्यानाकर्षण पत्र बुझाउँदै संस्थापक महिला शेयरधनी तथा पूर्व सञ्चालक जमुना ढकालले सञ्चालक समितिले प्रहरी लगाएर शेयरधनीलाई रोकेर अन्यायपूर्ण ढंगले साधारणसभा गरेको आरोप लगाउँदै उक्त साधारणसभाको निर्णय मान्य नभएको बताइन् । लुम्बिनी प्रदेशसभामा नेपाली कांग्रेसकी प्रमुख सचेतक समेत रहेकी रहेकी ढकालले साधारणसभाको निर्णय तत्काल सच्याउन माग गर्दै अन्यथा महिला शेयरधनीहरु सशक्त आन्दोलनमा जाने चेतावनी दिइन् ।

'पटक-पटक स्थान परिवर्तन गरेर, अधिकांश महिला शेयरधनी र कर्मचारीहरुलाई गुमराहमा पारेर साधारणसभा गरिएको छ, प्रवेशका लागि छुट्टै पास चाहिन्छ भनेर झुक्याउने, जानकारी पाएर पुगेका शेयर सदस्यलाई प्रहरी लगाएर रोकेर गरिएको साधारणसभा र त्यसको निर्णय मान्य छैन,' ढकालले भनिन्-'२०५२ सालदेखि महिला शेयरधनीहरुले मेहनत र दुःख गरेर माथि पुऱ्याएको संस्थामा केही वर्षयता बेथिति बढेको छ, त्यसमा प्रश्न उठ्छ भनेर जालझेल गरिएको छ ।'

असन्तुष्ट शेयरधनी महिलाहरुले नेपाल राष्ट्र बैंक क्षेत्रीय कार्यालय भैरहवाका प्रमुख रमेश अर्याललाई भेटी ध्यानाकर्षण पत्र समेत दिएका छन् । ध्यानाकर्षण पत्र बुझाउँदै शेयरधनी महिला पुनम लिगलले नेपाल राष्ट्र बैंकलाई समेत गुमराहमा पारेर गरिएको साधारण सभालाई मान्यता नदिन माग गरिन् । 'हतियारसहितका प्रहरीहरु तैनाथ गरेर, संस्थासँग असम्बन्धित व्यक्तिहरु भाडामा ल्याएर गुण्डागर्दी शैलीमा सभास्थललाई घेराबन्दी गरेर, कर्मचारी र शेयरधनीहरुलाई प्रवेशमा रोक लगाएर पनि साधारण सभा हुन्छ ?,' लिगलले भनिन्-'सञ्चालक समितिका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतमाथि तत्काल छानबिन गरी कारबाही हुनुपर्छ ।'

संस्थाका प्रमुख कार्यकारी अधिकृत श्यामकुमार कटुवालले केही महिनाअघि ५ सय ५० जना कर्मचारीलाई एकैपटक अपारदर्शी ढंगले नियुक्त गरेको, महँगा गाडी खरिद गरेको, संस्थाको सञ्चालक समितिको बैठक केन्द्रीय कार्यालय बुटवलमा नगरी काठमाडौंका तारे होटेलहरुमा गरेको, प्रमुख कार्यकारी अधिकृत काठमाडौं जाँदा आफू जहाजबाट जाने र गाडी सडक मार्गबाट पठाउने गरेको लगायत संस्थाको हितविपरीत आर्थिक अपचलन गरेको विषयमा छानबिन हुनुपर्ने शेयरधनी लिगलले माग गरेकी छन् ।

» *बाँकी ३ पेजमा*



## सम्पादकीय

# मध्यपहाडमा टिमुर खेती

मध्यपहाडमा बाँदरबाट खेती जोगाउनै सकस भयो । बढ्दो उत्पादन लागत र जलवायु परिवर्तनका असरसँग जुध्दै जेनतेन गरेको खेतीपातीलाई बाँदरले सखाप पार्न थालेपछि पछिल्ला केही वर्षयता पहाडका खेतबारी बाँझिन थालेका छन् । तर पाल्पाका किसानले बाँदरले नोक्सान नगर्ने खेतीको विकल्प खोज्न थालेका छन् । उनीहरुले टिमुर खेती गरेर राम्रो आम्दानी गर्न थालेको खबर अरूका लागि पनि अनुकरणीय हुनसक्छ ।

चुनावमा भोट माग्न जाने नेतालाई किसानले बाँदरबाट खेतीपाती जोगाउन नसकिएको गुनासो गर्दै आएका छन् । बाँदरले नोक्सानी गरेकोले बाँदर मार्ने व्यवस्था मिलाउन पनि माग गरेका छन् । बाँदरलाई समस्या मानेर खेतबारी बाँझै राख्ने प्रवृत्ति बढिरहेका बेला वैकल्पिक खेतीको खोजी हुनु सकारात्मक छ । परम्परागत खेतीपाती प्रणालीमा अल्झेको नेपाली समाज पछिल्ला वर्ष आम्दानी दिने खेतीपातीतिर विस्तारै अघि बढिरहेको बेला टिमुर खेती पनि थपिएको छ । टिमुरको आन्तरिक बजारमा राम्रो माग छ, बाह्य निकासी पनि बढिरहेको छ। बजारीकरण राम्रो गर्न सके आम्दानीको राम्रो स्रोत हुनेमा सन्देह छैन ।

वनजंगलको नजिक बाँझिदै गएका खेतबारीमा किसानले टिमुर लगाएका छन् । पाल्पाको सत्यवती, जुठापौवा, बल्डेङगढी, छहरा, देउराली, पालुङमैनादी, कुसुमखोला, फेकलगायतका गाउँमा अहिले टिमुरको व्यवसायिक खेती फस्टाउन थालेको छ । वनजंगल र बारीका काल्नामा हुने टिमुर अहिले खेतबारीमा लटरम्म फल्न थालेको छ । त्यसो त यहाँ अकबरे खुर्सानी, दालचिनी र सुन्तलाको व्यवसायिक खेती पनि फस्टाएको छ । रिब्दिकोट गाउँपालिकाका किसानले गत वर्ष ६ करोड रुपैयाँको अकबरे खुर्सानी बेचे । खेतीपातीबाट आम्दानी गर्न सकिंदैन् भन्ने भाष्य बनाएर युवा विदेश पलायन भइरहेको बेला रिब्दीकोटका किसानले आम्दानी सम्भव छ भन्ने देखाएका छन् । अहिले टिमुरखेतीबाट उनीहरुले आम्दानी गर्न थालेका छन् ।

पाल्पामा डिभिजन वन कार्यालयले किसानलाई टिमुरका बिरूवा उपलब्ध गराएको छ । सिँचाइको सुविधा नभएको र बाँदरलगायत वन्यजन्तुबाट जोगाउन सकिने खेतीपातीतर्फ किसानलाई डोऱ्याउन सक्दा नै मध्य पहाडमा मान्छे टिकाउन सकिन्छ । हरेक समस्याका सामु सम्भावनाहरू हुन्छन् भनेझैं बाँदरले बाँझिदै गएका बारीमा टिमुर वैकल्पिक खेती हुनसक्छ । टिमुर पकेट क्षेत्र बनाएर ठूलो मात्रमा खेती गर्न किसानलाई उत्प्रेरित गर्ने हो भने उत्पादन बढ्छ, पकेट क्षेत्र र मिशन कार्यक्रम अघि बढाउँदा किसानको उत्पादन लागत घट्छ । र, सरकारले गरेको लगानीको प्रतिफल पनि देखिन्छ । प्रतिफलमुखी कार्यक्रममा बजेट लगानी गर्दा नै नागरिकको राज्यप्रतिको भरोसा हुन्छ ।

# सरकारको एक वर्षे कार्यकाल



विन बहादुर कुँवर

*हिजो जुन उद्देश्य र वाचाका साथ यो सरकार बनेको थियो । ती कुनै पनि यो एक वर्षे अवधिमा पूरा भएका छैनन् । मुख्य त यो सरकारको पहिलो बाचा भनेको शान्ति सुरक्षा, अमनचयन र भ्रष्टाचार विरुद्धको थियो । गाँस, बास र कपास अनि रोजगारीका कुरा त परै छाडौं । जनताको शान्ति सुरक्षा र अमनचयन केही पनि छैन । भ्रष्टाचारको रोकथामको कुरा त कहाँ हो कहाँ झन बढ्दो एक प्रकारले रेकर्ड नै तोडने काम भएको छ । स्वयं गृहमन्त्री भिजिट भिसा प्रकरणमा जोडिएका छन् ।*

वर्तमान कांग्रेस-एमाले गठबन्धन सरकारले एक वर्ष पूरा गरेको छ । यस अवसरमा सरकारको पक्ष विपक्षमा अनेक खाले टिकाटिप्पणी भइरहेको छ । सत्ता पक्षीय कांग्रेस-एमाले बाहेक प्रायः सबै दलहरुले सरकारको विपक्षमा आ-आफ्ना मत जाहेर गरिरहेका छन् । सरकार पक्षधर दलहरुमा पनि अलग-अलग समर्थन, विरोध र आलोचनात्मक समर्थन हुने गरेको छ । एमाले र नेका-देउवा पक्षले सरकारको पक्षमा खुलेर समर्थन गरिरहेको छ भने कांग्रेसी कोइराला पक्षले फेरि सरकारको खुलैर विरोध गरिरहेको छ । त्यस्तै कांग्रेसी केही पक्षले यो सरकारको आलोचनात्मक समर्थन गरिरहेको छ ।

सरकारको पक्षमा जस्तो भए पनि उल्लेखनीय प्रगति विवरण भएको देखाउनु सत्ता पक्षधर दल र दल नेताहरुको धर्म नै हो । त्यस्तै जस्तो भए पनि विरोध नै गर्नु फेरि प्रतिपक्षी दल र दल नेताहरुको धर्म नै हो । ने.का. सभापति देउवा र एमाले अध्यक्ष तथा प्रधानमन्त्री के.पी. ओलीले त यो सरकारको एक वर्षे कार्यकाल शतप्रतिशत सफल नै भएको बताउने गरेका छन् भने प्रतिपक्षी दल खासगरी माओवादी केन्द्र अनि रास्वपा र राप्रपाले भने फेरि यो सरकारको एक वर्षे कार्यकाल पूर्ण रुपले असफल भएको प्रचारप्रसार गरिरहेका छन् । यी दुवै पक्षमा केही अति नै छ । तर स्वतन्त्र पक्षधरहरुले भने यो सरकारको गुन-दोषको आधारमा समर्थन वा विरोध गर्ने गरिरहेका छन् ।

संसारमा त्यस्तो कुनै पनि वस्तु छैन जसको शतप्रतिशत सकारात्मक र शतप्रतिशत नकारात्मक भएको । त्यस्तै हरेक व्यक्ति समुदाय दल र सरकारको पनि । निरपेक्ष समर्थन र विरोध हुन सक्दैन । सापेक्षता हरेकको समर्थन र विरोध हुन्छ । यसै आधारमा वर्तमान यो सरकारको पनि यो एक वर्षेकार्य कालको समीक्षा गर्दा मुख्य गरेर सरकार निर्माणको क्रममा यसले अघि सारेका सात बुँदे कार्य योजनाको चर्चा गर्नु सान्दर्भिकता हुनेछ । यी सात बुँदा मध्ये पहिलो र दोस्रो बुँदा यसमा पनि अझ संविधान संशोधनको प्रश्नको बारेमा अलि बढी चर्चा गर्दा उपयुक्त हुनेछ । सामान्यत संसदीय र बुर्जुवा राज्य व्यवस्थाअन्तर्गतको शासन सत्तामा प्रमुख ठूलो दल सत्तासीन हुन्छ भने दोस्रो दल प्रतिपक्षीमा रहन्छ । सत्तासीन दलको सरकार भने प्रतिपक्षी दलको सदन र सरकारको आलोचना र विरोध गर्न प्रतिपक्षको धर्म हो भने त्यसलाई स्वीकार्दै त्यस अनुरुप गर्नु सत्तापक्षको कर्म हो । त्यसले यो व्यवस्थामा सत्तापक्ष भन्दा पनि अझ बढी सक्रिय भूमिका प्रतिपक्ष दलमा हुनु पर्दछ । यो नभए सत्ता पक्ष निरंकुश बन्ने खतरा रहन्छ । ठीक यही आज यहाँ पनि देखिदैछ ।

हुन त अहिले यहाँ यो संसदीय परम्परा र मान्यताविपरीत देशका दुई ठूला दल कांग्रेस-एमालेबीच सत्ता गठबन्धन छ । कांग्रेस देशको प्रमुख जननिर्वाचित ठूलो दल अनि दोस्रो ठूलो दल एमाले र त्यसैको नेतृत्वमा गठबन्धन सरकार छ । संसदीय मान्यता अनुसार कांग्रेस नेतृत्वको सरकार र एमाले प्रमुख मुख्य प्रतिपक्षी दल हुनुपर्ने संसदीय जननिर्वाचित अभिमत हो । तर यहाँ अहिले यी दुवै सत्तापक्षमा छन् । खाली ३२ सिटे संसदीय दल नेकपा(माओवादी) प्रतिपक्षमा छ । उसको भूमिका पनि प्रतिपक्षको भन्दा पनि सत्ता पक्षकै जस्तो खाली कहिले कांग्रेसलाई भने कहिले एमालेलाई उचाल्दै रात दिन सत्ता प्राप्तिकै लागि मरिहत्ते गर्दै आइरहेको छ । तर अहिले खास प्रतिपक्ष दलको भूमिका रास्वपा र राप्रपाले गरे जस्तो छ । तर यी दुई दल मध्ये रास्वपा सहकारी करोडौं रुपैयाँ ठगी काण्डमा जेल परेका रवि लामिछानेकै पक्षमा सति जानमा छ । अझ कही नभाको जात्रा हाडी गाउँमा भने जस्तै रविकै पक्षमा र सर्वोच्च अदालतको विरुद्ध हस्ताक्षर अभियान चलाइरहेको छ । राप्रपा दरबारिया पार्टी नै भयो त्यसको कुरा के गर्ने । यसरी सशक्त प्रतिपक्षको अभावमा वर्तमान गठबन्धन सरकार निरंकुश बन्दै गइरहेको छ ।

हिजो जुन उद्देश्य र वाचाका साथ यो सरकार बनेको थियो । ती कुनै पनि यो एक वर्षे अवधिमा पूरा भएका छैनन् । मुख्य त यो सरकारको पहिलो बाचा भनेको शान्ति सुरक्षा, अमनचयन र भ्रष्टाचारविरुद्धको थियो । गाँस, बास र कपास अनि रोजगारीका कुरा त परै छाडौं । जनताको शान्ति सुरक्षा र अमनचयन केही पनि छैन । भ्रष्टाचारको रोकथामको कुरा त कहाँ हो कहाँ झन बढ्दो एक प्रकारले रेकर्ड नै तोडने काम भएको छ । स्वयं गृहमन्त्री भिजिट भिसा प्रकरणमा जोडिएका छन् । हालै मात्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ता यस्तै घुस भ्रष्टाचार काण्डमा मुछिएकाले पदबाट राजीनामा दिन बाध्य भएका छन् । यसै काण्डमा अर्का भूमि सुधार तथा सहकारी मन्त्री बलराम अधिकारी पनि जोडिएका छन् । प्रधानमन्त्री ओलीले भन्ने गरेको म भ्रष्टाचार गर्दिन र गर्न पनि दिन्न भन्ने भनाइ खाली एउटा थेगो मात्रै भएको छ । स्वयं आफैं विदेश भ्रमण जाँदा समेत मानव तस्करी भएको आरोप प्रत्यारोपमा हालै मात्र एउटा छानबिन समिति बनाइएको छ । यस्ता घटना र काण्डमा सत्ताधारी दलकै नेताहरु नै बढी छन् । त्यसैले यो सरकारको यो एक वर्षे कार्यकाल सबै प्रधानमन्त्री केपी ओलीको भ्रष्टाचार गर्दिन र गर्न पनि दिन्न भन्ने थेगोमा मात्र सीमित रह्यो, तर व्यवहारमा यो झन बढेर गयो ।

अब दोस्रो बुँदा संविधान संशोधनको थियो । करिब दुई तिहाई बहुमतसितको कांग्रेस-एमाले नेतृत्वको गठबन्धन सरकार र त्यसले गर्ने भनेको संविधानको संशोधनप्रति केही दल खासगरी माओवादी केन्द्र सुरुमा केही संसकित देखिएको थियो ।

तर अरु प्रायः सबै दल यसमा सकारात्मक नै देखिएका थिए । तर संविधानको के के धारा उपधारा संशोधन गरिने हो त्यसको कुनै ठोस जानकारी थिएन । खाली संशोधनको मात्र कुरा थियो । तर पछि विभिन्न दल संघसंस्थाहरुले संशोधनका आ-आफ्ना धारणा व्यक्त गर्दै जाँदा प्रधानमन्त्रीले एकाएक भन्न थाले संविधानको संशोधन चौरासीको आम निर्वाचनपछि मात्र सम्भव छ । त्यही अनुरुप उनको यो एक वर्षे कार्यकालभरि नै यसमा केही गर्ने त कुरैभएन सामान्य चर्चा-परिचर्चा पनि भएन । अन्ततः सुरुमै हामीले भने जस्तै यो खाली हात्तीको देखाउने दाँत मात्र भएको यो एक वर्षे सरकारको काम कारबाहीबाट प्रष्ट भएको छ । त्यतिबेला खाली विपक्षी र जनतालाई छारो हाल्न मात्र भनियो संविधानको यो संशोधनको मुद्दा । हुनै नसक्ने संसदीय मूल्य र मान्यता विपरीत चुनावी प्रमुख ठूलो दल र दोस्रो ठूलो दलबीच भएको यो सरकारी गठबन्धनको खेललाई तत्काल देखाउनका लागि मात्र भनिएको थियो ।

यो संविधान संशोधनको नारा आखिर यो सबै जालझेल र भ्रम मात्रै भएको छ । त्यसैले वर्तमान यो सरकारको मूल्यांकन यी माथि भनिएकै दुई बुँदाले प्रष्ट छ यो गठबन्धन सरकारको एक वर्षे कार्यकाल देश र जनताको हितमा नभएर खाली केही कांग्रेसी खासगरी देउवा दम्पती र एमाले अध्यक्ष ओली र उनका सहयोगी आसेपासेहरुका लागि मात्रै सफल छ । तर पनि रास्वपाका सभापति रवि लामिछानेको सहकारी ठगी प्रकरणमा उनलाई मुद्दा चलाई जेल चलान गर्नु अनि पुराना पञ्चे मण्डले र दरबारियाहरुको गणतन्त्र विरोधी आन्दोलन दबाउनमा भने यो सरकारको भूमिका सकारात्मक राम्रै देखिएको छ ।

# सेयर बजार ७९.८२ अङ्कले बढ्यो



काठमाडौं । आर्थिक वर्ष २०८२/०८३ को पहिलो दिन तथा साताको अन्तिम दिन बिहीबार सेयर बजारमा उछाल आएको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ७९.८२ अङ्कले बढेर २८ सय ७४ दशमलव ६० विन्दुमा पुगेको हो ।

२३९ कम्पनीको सेयर मूल्य बढ्दा ९ कम्पनीको सेयर मूल्य घटेका छन् । दिनभरमा ३११ स्क्रिवका ३ करोड कित्ता सेयर किनबेच हुँदा १६ अर्ब ५९ करोड रुपैयाँको कारोबार भएको छ ।

जसमध्ये सबैभन्दा धेरै कारोबार नेपाल रिइन्स्योरेन्स कम्पनीको भएको छ । नेपाल रिइन्स्योरेन्सको ८४ करोड रुपैयाँ बराबरको कारोबार भएको छ ।

बुटवल पावर कम्पनीको ६० करोड, राधी विद्युत् कम्पनीको ५६ करोड, सानिमा माइ हाइड्रोको ४२ करोड र न्यादी गुप्रको ४१ करोड रुपैयाँको कारोबार भएको छ । ट्रेड टावर, शुभम पावर र थ्रिस्टार हाइड्रो कम्पनीको मूल्यमा सकारात्मक सर्किट लागेको छ । बजारमा उछाल आउनुमा अन्य समूहको प्रमुख योगदान रह्यो ।

उक्त समूह ५.०९ प्रतिशतले बढ्दा हाइड्रोपावर, इन्भेष्टमेन्ट र जीवन बिमा क्षेत्रमा ३ प्रतिशतभन्दा माथिको वृद्धि भएको छ । सबैभन्दा कम म्युचुअल फण्ड समूह ०.०४ प्रतिशत मात्रै बढेको छ ।

# चर्को नून खाने बानी छ ? होशियार पेटको क्यान्सर हुन सक्छ !



के तपाईंलाई चर्को नूनखाने बानी छ ? अझ खाना खाँदा अलिनो लागेर नून थप्ने बानी छ ? त्यसो हो भने त्यो बानीलाई आजै हटाइहाल्नुहोस् है ! वैज्ञानिकहरुले खाना खाँदा नून थपेर खानेहरुलाई आमाशयको क्यान्सर लाग्ने खतरा धेरै बेसी हुने गरेको पत्ता लगाएका छन् ।

आजको जीवनशैलीमा खानपानको आदतहरू अत्यधिक महत्वपूर्ण छन् । त्यसमध्ये एक महत्त्वपूर्ण बानी हो, खाना खाँदा नून थप्ने, जुन सामान्यतः हाम्रो दैनिक जीवनको हिस्सा बनिसकेको छ । तर, यो बानी हाम्रो स्वास्थ्यको लागि घातक पनि साबित हुन सक्छ किनभने पछिल्लो अध्ययनहरूले चर्को नून खाने बानीलाई पेटको क्यान्सरको जोखिमसँग जोडेको छन् ।

बेलायतमा ४ लाख ७० हजार वयस्क मानिसहरुमाथि ११ वर्ष लगाएर गरिएको अध्ययनको तथ्यांक केलाएर वैज्ञानिकहरु उक्त निष्कर्षमा पुगेका हुन् । उक्त अध्ययनले नून खाने बानी र पेटको क्यान्सर बीचको सम्बन्धलाई विश्लेषण गरेर निकालेको निष्कर्ष अनुसार, नियमित रूपमा आफ्नो खानामा नून थप्ने व्यक्तिहरूमा पेटको क्यान्सरको जोखिम ४१% बढी हुन्छ । यो अध्ययनले नियमित रूपमा नून थपेर खाने मानिसहरुलाई सचेत हुनुपर्ने देखाएको छ ।

रोचक कुरा त के छ भने एशियाका बासिन्दाहरुको तुलनामा युरोपका मानिसहरु कमै नून खाने गर्छन् । उनीहरुमा पनि यो खालको समस्या देखिएको थियो । यस अध्ययनले आमाशयको क्यान्सरबाट बच्नका लागि अत्यधिक नूनको सेवनबाट बच्नुपर्ने देखाएको छ ।

आमाशयको क्यान्सर संसारभरिमै सबैभन्दा बढी देखापर्ने क्यान्सरको सूचीमा पाँचौ नम्बरमा पर्छ । यो रोग अत्यधिक मात्रामा एशियाका बासिन्दाहरुमा देखापर्ने गर्छ भने त्यसपछि पूर्वी युरोप र ल्याटिन अमेरिकी देशहरुमा यो समस्या बढी देखापर्ने गर्छ । आमाशयको क्यान्सर उमेर बढ्दै जाँदा बढी देखापर्छ भने महिलाको तुलनामा यो बढी पुरुषहरुलाई लाग्ने गर्छ । आजभोलि आमाशयको क्यान्सर युवाहरुमा समेत बढी देखिने गरेको छ । आमाशयका क्यान्सर हुनुमा विभिन्न पक्षहरुले काम गर्ने गर्छ । खासगरी, धूमपान, मद्यपान, आमाशयका संक्रमणहरु तथा अत्यधिक मोटोपन आन्द्राको क्यान्सर हुनुका प्रमुख कारण हुन् । यस अध्ययनले त्यस सूचीमा खानामा नून थपेर खाने बानीलाई पनि जोडिदिएको छ ।

त्यसो त नूनको सेवन र आमाशयको क्यान्सरबीचको सम्बन्धबारे यसअघि पनि अध्ययनहरु भएका छन् तर त्यसको ठोस कारण भने पत्ता लागिसकेको छैन । कतिपय अध्ययनले त के अवधारणा पनि अघि सारेको छ भने नूनको अत्यधिक सेवनले हाम्रो आमाशयलाई रक्षा गर्ने म्युकसको चक्रलाई खल्बलाइदिन्छ फलतः हेलिकोबाक्टर पाइलोरीको संक्रमणको सम्भावनालाई बढाइदिने गर्छ ।

**पेटको क्यान्सरः वैश्विक स्वास्थ्य चिन्ता**

पेटको क्यान्सर विश्वभर मानिसलाई लाग्ने क्यान्सरहरुमा पाँचौं हो । यस क्यान्सरको जोखिम उमेर बढ्दै जाँदा बढ्न सक्छ, र यो पुरुषहरूमा बढी देखा पर्ने गर्छ । पश्चिमी देशहरुको तुलनामा एशियाली देशहरूमा यो क्यान्सरको प्रकोप विशेष गरी उच्च रहेको छ ।

**नून र पेटको क्यान्सरको सम्बन्ध**

नूनको अत्यधिक सेवन र पेटको क्यान्सरको बीचको सम्बन्धबारे वैज्ञानिकहरूका विचारहरू भिन्न छन् । केही अध्ययनहरूले निकालेको निष्कर्षअनुसार नूनको अत्यधिक सेवनले आमाशयको म्युकस तहलाई कमजोर बनाइदिन्छ र यसका कारण हेलिकोब्याक्टर पाइलोरी जस्ता जीवाणुहरूको संक्रमणको सम्भावना बढाउँछ, जसले पेटको क्यान्सरको जोखिमलाई वृद्धि गर्छ ।

नूनको सेवन र पेटको क्यान्सरको जोखिमबिचको सम्बन्धलाई ध्यानमा राख्दै, जनस्वास्थ्यविदहरूले खानपानमा नूनको सेवन घटाउनु पर्ने कुरामा जोड दिएका छन् । उच्च नून सेवनको कारण मात्र पेटको क्यान्सरको जोखिम मात्र बढ्दैन, यसले उच्च रक्तचाप र हृदय रोगको सम्भावनासमेत बढाउँछ ।

त्यसो त पेटको क्यान्सरको जोखिम बढ्नुका कारणहरू विविध छन् । तीमध्ये धूम्रपान, मद्यपान, मोटोपन, क्यान्सरसम्बन्धी पारिवारिक इतिहास, र अस्वस्थ आहार प्रमुख छन् । तथापि माथिको अध्ययनले विशेषगरी नूनको अत्यधिक सेवनको प्रभावलाई उजागर गरेको छ। यसबाट नियमित रूपमा खाना खाँदा नून थप्ने बानीले जोखिमलाई अझै बढाउने भएकोले नूनको सेवन घटाउनुपर्ने देखाएको छ । अझ पेटको क्यान्सरको उच्च जोखिममा रहेका व्यक्तिहरूले त यसमा गम्भीर बन्नुपर्ने देखाएको छ ।

त्यसो त यस अध्ययनका केही सीमितताहरू छन् । पहिलो, यसले नूनको सेवनले पेटको क्यान्सर गराउँछ नै भन्ने प्रमाणित गर्न सक्दैन । तथापि, नूनको अत्यधिक सेवन र पेटको क्यान्सरको जोखिमका बीचको सम्बन्धलाई यसले उजागर गरेको छ ।

दायित्वबोधबाट



**कलशयात्राः**

दाङको घोराही-१७ स्थित गुलेरियामा शिव पार्वती तथा राधाकृष्ण मन्दिर परिसरमा आयोजना हुने श्रावण धार्मिक महामहोत्सव तथा श्रृङ्गारिक महाआरतीको अवसरमा निकालिएको कलशयात्रामा सहभागी भक्तजन । सहिद स्मारक पार्क, सांस्कृतिक सङ्ग्रहालय र मन्दिर परिसरको स्तरोन्नतिको उद्देश्यसहित महोत्सव आयोजना गरिएको आयोजकले बताएको छ । तस्विरः कुलदीप न्यौपाने/रासस

# धार्मिक पर्यटन  प्रवर्द्धन गर्न कालीगण्डकी किनारमा पैदलमार्ग निर्माण



पाल्पा । धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले रामपुर नगर पालिकाले कालीगण्डकी किनारमा पैदल मार्ग निर्माण गरेको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा दुई हजार ५६७ मिटर पैदलमार्ग निर्माण गरिएको नगर प्रमुख रमणबहादुर थापाले जानकारी दिए । धार्मिक, सांस्कृतिक र पर्यावरणीय महत्वल(ाई उजागर गर्नका लागि रामनदीधामदेखि देवघाटसम्मको पैदलमार्गअन्तर्गत रामपुर नगरपालिकामा ३४ किलोमिटर लामो पैदलमार्ग निर्माण थालिएको नगर प्रमुख थापाले बताए ।

"यस मार्गमा ढुङ्गा छाप्ने र 'इन्टरलक' लगाउने काम भइरहेको छ, नदी किनारको प्राकृतिक सौन्दर्य र धार्मिकस्थलको पहुँचलाई सहज बनाउँदै स्थानीय पर्यटन र अर्थतन्त्रमा योगदान पुऱ्याउनेछ ।"-नगर प्रमुख थापाले भने ।

यस मार्गमा आव ०८१/०८२ मा विभिन्न स्थानमा दुई मिटर चौडाइको इन्टरलक राखेर ढुङ्गा छाप्ने काम सम्पन्न भएको छ । वडा नं. ३ स्थित केलादीमा ५५७ मिटर, ६ को ज्याग्दीपार्कमा १९१ मिटर, तिलकपुरमा ४३२ मिटर इन्टरलक, सुन्दर फनपार्कमा १९५ मिटर इन्टरलक, ८ स्थित भुजात क्षेत्रमा ६७८ मिटर ढुङ्गा छाप्ने र २१० मिटर इन्टरलक, १० को शालिकराम पार्कमा ११४ मिटर ढुङ्गा छाप्ने र नरमदेश्वर मन्दिरमा १९० मिटर इन्टरलक राख्ने र ढुङ्गा छाप्ने काम भएको छ ।

यसैगरी, वडा भानघाट र तातोपानीघाटमा प्रतीक्षालय निर्माण गरिएको छ । यो परियोजना सङ्घीय सरकार र रामपुर नगर पालिकाको समन्वयमा सञ्चालन भएको हो ।

धार्मिक महत्वको कालीगण्डकी नदी रामनदीधाम, केलादीधाम, रामघाटधाम, रिडीधाम, देवघाटसँग जोडिएकाले पैदलमार्ग निर्माणबाट यो क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने स्थानीयको विश्वास छ ।

# आयुर्वेद चिकित्साः फाइदा धेरै प्रचार थोरै

बागलुङ । बदलिँदो जीवनशैली, अस्वस्थकर खानपानलग(ायत कारणले स्वास्थ्य समस्या बढ्दै छन् । समस्या समाधा(नका लागि मानिसले उपचारका लागि सुविधासम्वन्न अस्पताल धाइरहेकै छन् ।

पछिल्लो समय भने आयुर्वेद चिकित्सातर्फ पनि चासो बढ्न थालेको छ । धौलागिरि आयुर्वेद अस्पताल बागलुङमा उपचारका लागि आउने बिरामीको संख्याले यस्तै देखाउँछ । पछिल्लो तथ्याङ्कअनुसार आयुर्वेद उपचारका लागि आउने बिरामीको संख्यामा वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा अस्पतालमा ११ हजार ४५५ बिरामीले सेवा लिन आएकामा आर्थिक वर्ष २०८१/८२ मा उक्त संख्या बढेर १७ हजार ५४८ पुगेको धौलागिरि आयुर्वेद अस्पतालका प्रमुख डा. शरद पन्थीले जानकारी दिए । उनका अनुसार अस्पताल र अन्य आयुर्वेद उपचार केन्द्रमा आएको बिरामीको संख्यालाई हेर्दा बर्सेनि बिरामीको संख्यामा वृद्धि भएको पाइएको र आयुर्वेद शिक्षा बढाउन आवश्यक रहेको छ ।

गत आर्थिक वर्षमा जिल्लाभर रहेका नौवटा आयुर्वेद सेवा केन्द्र र आयुर्वेद अस्पतालमा बिरामीको संख्या ३० हजार ४७८ रहेकामा आव २०८१/८२ मा ३६ हजार ४९५ पुगेको छ ।

आयुर्वेद शिक्षाका लागि नागरिक आरोग्य अभियान चलाइएको, आयुर्वेद अस्पतालमा तीन जना डाक्टरले सेवा दिइराखेको र आयुर्वेद औषधि उपचारमा नागरिकको भरोसा बढ्दै गएका कारण बिरामीको संख्यामा वृद्धि भएको पन्थीको भनाइ छ ।

"हामीले अपनाएको खानपान र जीवनशैलीले गर्दा धेरै रोगको निम्त्याइरहको छौँ । खानपान र जीवनशैलीमा सुधार ल्याउन सकेको खण्डमा आफूलाई स्वस्थ बनाउन सक्छौँ । शरीरका लागि आवश्यक पर्ने पौष्टिक तत्वको मात्रा हेरेर खानपान गर्न सकेमा स्वस्थ्य बलियो हुन्छ, आयुर्वेद उपचार पद्धति रोगको जरासम्म पुग्ने उपचार पद्धति रहेकाले नागरिकको भरोसा बढ्दै गएको छ ।"-उनले भने ।



गण्डकी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय चिकित्सा सेवा महाशाखा प्रमुख रमेश केसी पछिल्लो समय नसर्ने रोगका कारण मृत्यु हुनेको संख्या बढ्दै गएकाले आयुर्वेदको मर्मअनुसार जीवनशैली अपनाउन आवश्यक रहेको बताउँछन् । "सन् १९९० मा सर्ने रोगका कारण मृत्यु हुनेको संख्या बढी थियो, पछिल्लो समय नसर्ने रोगका कारण मृत्यु हुनेको संख्या बढ्दो क्रममा रहेको छ", उनले भने-"स्वस्थ र अर्ग्यानिक खानेकुरा खाने र नियमित शारीरिक व्यायामले नसर्ने रोगबाट बचाउन सकिन्छ । आयुर्वेदले यसका लागि सहयोगी भूमिका खेल्छ ।"

डा.पन्थी बदलिँदो अवस्थाअनुसार विभिन्न रोगव्याधि बढ्दै गएका अवस्थामा आयुर्वेद उपचारको उपयोगिता बढ्दै गएका, तर प्रचारप्रसारको अभावमा अझै व्यापकता पाउन नसकेको बताउँछन् । उनी भन्छन्-"आयुर्वेदको महत्त्व र फाइदा धेरै छ, तर यसको पर्याप्त प्रचार हुनसकेको छैन । त्यसैले यसको उपयोगिताबारे व्यापक प्रचारको आवश्यकता छ ।"

**मर्जर**...

संस्थाका प्रमुख कार्यकारी अधिकृत श्यामकुमार कटुवालले भने पर्याप्त सूचना दिन नसकेको र प्रहरी परिचालन गरेर रोकेको विषयमा क्षमा याचना गरेको, तर अन्य विषय नेपाल राष्ट्र बैंकको नीति, निर्देशनअनुसार नै गरेको दाबी गरे ।

यसैबिच नेपाल ग्रामीण विकास लघुवित्त वित्तीय संस्थामा क्रियाशिल आधिकारिक ट्रेड यूनियन नेपाल राष्ट्रिय कर्मचारी संगठनले पनि मर्जर खारेज गर्न माग गर्दै ज्ञापनपत्र बुझाइसकेको छ । संगठनले साधारणसभाकै दिन कालो ब्यानर टाँगेर विरोध जनाएको थियो । संगठनका केन्द्रीय अध्यक्ष दीपेन्द्र लुइँटेलले सर्लाहीमा केन्द्रीय कार्यालय रहेको तीन जिल्ला कार्यक्षेत्र भएको २ करोड २८ लाख पूँजी भएको समाज लघुवित्तसँग ७७ जिल्ला कार्यक्षेत्र र ९८ करोड २५ लाख पूँजी भएको संस्थाले मर्जर गर्नुपर्ने कुनै आवश्यकता र औचित्य नै नभएको तर्क गरे ।

मर्जर अनुचित छ भन्दै संगठनले असार १३ गते नै संस्थालाई ध्यानाकर्षणपत्र बुझाए पनि जबरजस्ती गरिएको उनको भनाइ छ ।

'यो कुनै व्यक्तिको कार्यकाल दोहोऱ्याएर निजी स्वार्थ पूरा गर्न रचिएको नाटक हो, यसले संस्था, सेयरधनी र कर्मचारी कसैलाई फाइदा हुँदैन,' उनले भने- 'कमजोर वित्तीय हैसियत भएको संस्थासँग समान अनुपात (रेसिओ) मा मर्जर गर्न तयार हुनुले गम्भीर प्रश्न उठेको छ, यस्तो गलत रवैयाप्रति नियामक निकाय नेपाल राष्ट्र बैंकको गम्भीर ध्यानाकर्षण हुनुपर्छ ।'

# घरबास पर्यटनसम्बन्धी तालिमपछि डाँडाडुमका महिला स्वरोजगार बन्दै



पाल्पा । तानसेन नगरपालिका-९ डाँडाडुमका महिला घरबास (हो मस्टे) पर्यटन विकाससम्बन्धी तालिम लिएपछि स्वरोजगारका लागि पहल गर्न थालेका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत तारा गाउँ विकास समिति काठमाडौँद्वारा दिइएको घरबास पर्यटन विकाससम्बन्धी आधारभूत तालिमबाट सीप र ज्ञान प्राप्त गरेपछि गाउँमा होमस्टे सञ्चालन गरी आर्थिक समृद्धि हासिल गर्नेतर्फ यहाँका महिला लागेका हुन् ।

तालिममा पर्यटन र हो मस्टे, होम स्टेको अवधारणा, कानुनी प्रबन्ध, पर्यटकीय पूर्वाधार, पाहुनाको स्वागत र बिदाइ, घर कोठाको सजावट, खाना र खाजाका परिकार निर्माण, स्थानीय कला र संस्कृतिको प्रदर्शनलगायत विषयमा प्रयोगात्मक अभ्यास गराइएको थियो ।

तालिम लिएपछि सरिता आलेले नेपालका सफल होम स्टेको कथा सुन्दा आफ्नो गाउँलाई पनि त्यस्तै बनाउन सकिन्छ भन्ने आत्मबल र उत्साह जागेको बताइन् । उनले भनिन्-"गाउँमै बसेर आफैँले उत्पादन गरेका वस्तु र आफ्नै रहनसहन बेचेर मनग्य आम्दानी गर्न सकिँदो रहेछ, हामीलाई तालिमले आम्दानीको मार्ग खोलिदिएको छ । सिकेको ज्ञान, सीपको प्रयोग गरेर स्थानीयस्तरमा सवरोजगार बन्ने र पर्यटन प्रवर्द्धनमा समन्वय गर्ने योजना बनाएका छौँ ।"

नौमति बाजा समूहका अध्यक्ष ईश्वरी पृथीले आफूसँग भएका सांस्कृतिक सीप र दक्षतालाई पाहुनाको स्वागत र मनोरञ्जनमा लगानी गर्ने बताए । यहाँका ६६ मध्ये सुरुमा ११ घरमा होमस्टे सञ्चालन गर्ने लक्ष्यसहित काम भइरहेको उनले जानकारी दिए ।

पहिलो चरणमा ११ वटा घरबाट होम स्टे सञ्चालन गर्ने योजना अनुसार प्रारम्भिक तयारी थालिएको मदनपोखरा सामुदायिक होम स्टेका अध्यक्ष तुलबहादुर गाहाले बताए । होम स्टे सञ्चालनका लागि तालिमले महत्त्वपूर्ण र सहयोगी भूमिका खेलेको तालिममा सहभागी सरस्वती पचभैयाले विश्वास व्यक्त गरिन ।

पर्यटनका लागि आवश्यक सडक पूर्वाधार, मनोरम दृष्य, समुदायको एकता र मौलिक संस्कृति डाँडाडुममा रहेकाले यहाँ होम स्टे सञ्चालन गर्न उपयुक्त मानिएको स्थानीय राजनीतिज्ञ ओमबहादुर घर्तीले बताए । उनले भने- "समुदायको आत्मसम्मान र आर्थिक उपार्जनका लागि घरबास पर्यटन महत्त्वपूर्ण हुनेछ ।"

डाँडाडुमका स्थानीयको सेवासत्कार, मौलिक संस्कृति र स्थानीय अर्गानिक उत्पादनका परिकारलाई घरबास कार्यक्रममार्फत् बजारीकरण गर्न सकिने तानसेन-८ का वडाध्यक्ष सोमनाथ अर्याललले बताए ।

सामुदायिक घरबास कार्यक्रमले सामूहिक भावना, इमान्दार र मर्यादित अतिथिसत्कार र सुसंस्कृतिको सम्मान हुने तानसेन-९ का वडाध्यक्ष राजेशकुमार अर्याललले उल्लेख गरे । "घरबास कार्यक्रमले गाउँमा रोजगारी सिर्जना गर्ने, युवाको विदेश पलायनदर घटाउने र महिलाको सक्रियता बढाउने विश्वास गर्दै यहाँ होम स्टेमार्फ पर्यटन प्रवर्द्धन हुनेछ", उनले भने-"होमस्टे केवल पर्यटक बस्ने ठाउँ मात्र होइन, यो त हाम्रो संस्कृति, जीवनशैली र अतिथिसत्कार देखाउने स्थान पनि हो ।"

सामुदायिक वन उपभोक्ता महासङ्घ लुम्बिनी प्रदेशका अध्यक्ष कल्पना भण्डारी, वडा सदस्य माधवप्रसाद बस्याल, कमल दर्लामी, नेपाल कम्युनिष्ट पार्टी (एमाले) तानसेन नगर कमिटीका अध्यक्ष गुराँस आत्रेय, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का वडा कमिटी अध्यक्ष हरिश्चन्द्र भुसालगायतले आतिथ्य सत्कार, मौलिक परिकार र पाहुँनासँगको व्यवहारलाई प्रभावकारी बनाउँदै पर्यटन प्रवर्द्धनमार्फत् महिलाले आयआर्जन बढाउनुपर्नेमा जोड दिएका थिए ।

तालिमका प्रशिक्षक मनिसा श्रेष्ठले यहाँका समुदायको जागरुकता, जनप्रतिनिधिको सहयोग र पर्यटनमैत्री संस्कृति हेर्दा सञ्चालनको छोटो समयमा लोकप्रिय र सफल होम स्टे बन्न सक्ने विश्वास व्यक्त गरिन् । तारा गाउँ विकास समितिका प्रशिक्षक शम्भु कार्की, दिनेश भण्डारी र मनिसा श्रेष्ठले तालिममा सहजीकरण गरेका थिए ।

# गहुँ र धानको बिउ उत्पादन गर्ने किसानलाई प्रोत्साहन रकम



चितवन । जिल्लाका एक हजार २५३  किसानले बीउ उत्पादन गरेबापत प्रोत्साहन रकम प्राप्त गरेका छन् । कृषि विकास कार्यालय चितवनले जिल्लाका ९ कृषक फर्ममा आबद्ध ती किसानहरुलाई बीउ उत्पादन गरेबापत रु १ करोड ४७ लाख ८० हजार ३५० वितरण गरेको हो ।

कार्यालयका कृषि अधिकृत उमराज अर्यालका अनुसार किसानहरुले रु १ हजार १ सय देखि रु १ लाख ४३ हजारसम्म प्रोत्साहन रकम पाएका छन् । उनीहरुलाई उत्पादन र क्षेत्रफलका आधारमा प्रोत्साहन रहकम वितरण गरिएको हो । उनले भने-"स्रोत बीउमा प्रति हेक्टर रु २० हजार र उन्नत बिउमा प्रति हेक्टर रु १५ हजारका दरले प्रोत्साहान रकम बितरण गरिएको हो ।" गहुँ र धानको उत्पादनमा किसानहरुले प्रोत्साहन रकम पाएका हुन् ।

कतिपय किसानहरुको भने जग्गा धनी पूर्जा तथा कागजात नमिलेका कारण प्रोत्साहन रकम पाउनबाट वञ्चित भएको उनले बताए । उनका अनुसार ९६१ दशमलब ८३ हेक्टर क्षेत्रफलमा बिउ उत्पादन गर्ने ती किसानले प्रोत्साहन रकम प्राप्त गरेका हुन् ।

कृषि विकास कार्यालय चितवनले 'बिउ बिजन आत्मनिर्भर कार्यक्रम' अन्तर्गत भरतपुर महानगरपालिका र माडी नगरपालिकाका बिउ उत्पादन गर्ने किसानलाई प्रोत्साहन रकम वितरण  गरिएको हो । कृषि विकास कार्यालयका प्रमुख झलकनाथ कँडेलले असारको अन(त्यमा प्रदान गरिएको रकम किसानका लागि खेतीयोग्य समयमा राहत बन्ने बताए । आगामी दिनमा थप किसान लक्षित कार्यक्रम सञ्चालन गरिने उनको भनाइ छ । किसानहरूलाई जग्गासम्बन्धी कागजात व्यवस्थित गर्न समेत उनले आग्रह गरे ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।
सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# एक करोड लगानीमा बंगुर पालन



**नवीन लोचनमगर**
*रोल्पा*

रोल्पाको त्रिवेणी गाउँपालिका-२ सेराबाङका कृषक मनिराम घर्तीमगर व्यवसायिक बंगुर पालनबाट राम्रो आम्दानी हुन थालेपछि थप हौसिएका छन् । करिब एक करोड बढी एकल लगानी रहेको उनको 'सेराबाङ बंगुर पालन फर्म' अहिले जिल्लामै नमूना बंगुर फर्मकोरुपमा परिचित छ । मनिरामका आमाले परम्परागतरुपमा बंगुर पालन गर्दै आएकी थिइन् । बजारको अध्ययन, प्राविधिक सीप तथा ज्ञान आर्जन गरेर व्यवसायिक फर्म सुरु गरेका मनिराम 'गरे सम्भव छ' भन्ने राम्रो उदाहरण बनेका छन् । करिब दशवर्षयता व्यवसायिक बंगुर पालन व्यवसाय गर्दै आएका उनले बजारको अवस्था हेरेर आफैं बढाउने सोचेको बताउँछन् ।

**वार्षिक २५ लाख आम्दानी**

जिल्लाकै अगुवा कृषकका रुपमा रहेका मनिरामको फर्ममा अहिले ५० वटा माउ बंगुर छन् भने चारवटा भाले बंगुर र सैयौं पाठापाठी छन् । 'मसँग अहिले कति पाठापाठी छन् भन्ने एकिन छैन,' मनिराम भन्छन्-'दैनिक थपिने, घट्ने भइरहने भएकाले गन्ती नै गरिँदैन ।' फर्मबाट वार्षिकरुपमा करिब ९ सय पाठापाठी बिक्री गर्ने गरेको उनको भनाइ छ । जसमा प्रति पाठापाठी ६ हजारका दरले बिक्री हुन्छ । केही साताअघि मात्र ४ वटा ठूला बंगुर बेचेका उनले वार्षिक ६० लाखको कारोबार गर्छन् । 'वार्षिक कारोबार मेरो ६० लाखभन्दा बढी हुन्छ,' मनिरामले भने-'त्यसमध्ये २० देखि २४ लाख मेरो चोखो आम्दानी हुन्छ, अन्य रकम खोर व्यवस्थापन, दाना किन्ने लगायतमा खर्च हुन्छ ।' ल्यान्डेस र ड्यूरो जातका बंगुर पालेका उनलाई अहिलेसम्म कुनै रोगव्याधी तथा समस्या परेको छैन । शिक्षण पेशामासमेत संलग्न उनको फर्ममा उनको श्रीमती र एकजना फर्ममा काम गर्न तलबमा मान्छे खटाएका छन् ।

**आधा बंगुर जिल्लामै खपत्**

बंगुरको मासु तथा पाठापाठीहरु आधा जिल्लाभित्रै खपत् हुन्छ भने आधा जिल्लाबाहिर निर्यात हुन्छ । फर्म सञ्चालक मनिराम घर्तीमगरका अनुसार काठमाडौं, पोखरा, बुटवल, नवलपरासी, दाङलगायतका ठाउँहरुमा बंगुर तथा पाठापाठी पुग्ने गरेका छन् । 'मुख्यतः मैले पाठापाठी उत्पादनमै जोड दिएको छु, राम्रो पाठापाठी उत्पादन गर्न सकिए खपतको समस्या हुँदैन ।'-उनले भने । गर्भवती, सुत्केरी, पाठापाठीसँग आमाको वार्डलगायत विभिन्न अवस्थाका बंगुर बस्ने छुट्टाछुट्टै कोठाको व्यवस्था गरिएको छ । जसका कारण पाठापाठी हुर्कन र आमाको व्यवस्थापनमा सहज हुने गरेको छ । बंगुरको पाठापाठी ४५ दिनमा बिक्रीका लागि तयार हुन्छन् । बंगुर पालक व्यवसायीहरुले आफ्नो खोरबाटै पाठापाठी लैजाने गरेको उनको भनाइ छ । उनले जिल्लाभित्र त्रिवेणी, परिवर्तन, थबाङसँगै आफ्नै छरछिमेकमा पनि पाठापाठी बिक्री गर्ने गरेका छन् ।

**उत्कृष्ट कृषकका रुपमा पुरस्कृत**

बंगुर पालक कृषक मनिराम घर्तीमगरलाई भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले जिल्लाकै उत्कृष्ट कृषकका रुपमा पुरस्कृत गरेको छ । जिल्लाकै ठूलो बंगुर फर्मको रुपमा रहेको सेराबाङ बंगुर पालन फर्मलाई थप प्रोत्साहनका लागि पुरस्कृत गरिएको विज्ञ केन्द्रका प्रमुख डा. शंकर न्यौपानेले बताए । सुरुमा युट्युबमा हेरेर व्यवसाय थालनी गरेका उनलाई जिल्लास्थित साविकको पशुसेवा कार्यालयले १० लाख आर्थिक सहयोग गरेको थियो । त्यसपछि पशुसेवा विज्ञ केन्द्र स्थापना भएपछि २ लाखको पूर्वाधार निर्माणमा सहयोग गरेको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र रोल्पाका प्रमुख डा. शंकर न्यौपानेले बताए । गतवर्षमात्रै केही खोप कार्यक्रम, प्रविधि प्रदर्शन तथा केही औषधीहरु सहयोग गरेको उनको भनाइ छ । त्यसका साथै १ लाख बराबरको अटोमेटिक फिडर, ड्रिंकर र औषधी उपलब्ध गराएको न्यौपानेले बताए । जिल्लामा ८४ वटा व्यवसायिक बंगुर फर्म दर्ता छन् भने आर्थिक वर्ष २०८१/०८२ को तथ्यांकलाई हेर्दा १४ हजार ४३६ वटा बंगुरको संख्या रहेको छ । उक्त आर्थिक वर्षमा ६२ वटा बंगुरको बिमा गरिएको छ ।

# स्याङ्जामा उद्योग तथा पसलको संख्या घट्दो




वालिङ । जिल्लामा उद्योग तथा पसलको संख्या दिनानुदिन घट्दो छ । उद्योग तथा व्यापार व्यवसाय सञ्चालन गर्न कठिनाइ भएको जनाउँदै उद्योगी, व्यवसायीले पसल दर्ता खारेजी गर्न थालेका हुन् ।

आर्थिक वर्ष २०८१/०८२ मा पर्यटन तथा उद्योग कार्यालयमा नयाँ उद्योग दर्ता हुनेभन्दा खारेजी हुनेको संख्या धेरै रहेको पर्यटन तथा उद्योग कार्यालयका प्रमुख नारायणप्रसाद ढकालले जानकारी दिए ।

उनका अनुसार आव २०८१/८२ मा १७७ नयाँ उद्योग दर्ता भएकामा २६३ वटा खारेजी भएका छन् । वाणिज्यतर्फ सोही आवमा १४२ वटा नयाँ दर्ता भएकामा १९७ वटाको दर्ता खारेजी गरिएको छ । आर्थिक वर्ष २०८०/८१ मा २५० वटा नयाँ उद्योग दर्ता भएका थिए । सोही आवमा २२६ वटाको दर्ता खारेजी भएको थियो ।

वाणिज्यतर्फ १८५ वटा नयाँ दर्ता हुँदा २३४ वटाको दर्ता खारेजी भएको उनले जानकारी दिए । विगतका तुलनामा पछिल्ला वर्षमा व्यापार व्यवसाय घटेकाले उद्योग तथा व्यापार व्यवसाय दर्ता खारेजी गर्न निवेदन बढी आएको जनाइएको छ ।

खारेजी भएकामा बढी कृषि तथा पशुपालन फार्म, खाजा घर, रेष्टुरेण्ट, कुटानीपिसानीका उद्योग, फेन्सी पसल छन् । अनुदान लिन फार्म सञ्चालन गर्ने र अनुदान लिएपछि फार्म बन्द गर्ने पनि देखिएका छन् ।

उद्योग तथा व्यापार व्यवसायको दर्ता खारेजी हुनु अर्थतन्त्रका दृष्टिले राम्रो सङ्केत नभएको वालिङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष चेतनारायण श्रेष्ठ बताउँछन् । पछिल्लो समय देशमा देखिएको आर्थिक मन्दीका कारण पनि उद्योग तथा व्यापार व्यवसायमा कठिनाई भएकाले खारेजी गर्ने बढेका हुनसक्ने उनको भनाइ छ ।

आव २०८१/०८२ मा विविध शीर्षकबाट पर्यटन तथा उद्योग कार्यालयले रु ५५ लाख ५५ हजार ७७० राजस्व सङ्कलन गरेको थियो । आव २०८०/८१ मा भन्दा आव २०८१/०८२ मा रु २२ लाख बढी राजस्व सङ्कलन भएको हो । नवीकरण गर्न एक वर्ष नाघेका फाइल जरिवाना भुक्तानी गरेर नवीकरण गर्न पाउने नियम आएसँगै गत आवमा राजस्व बढेको कार्यालयले जनाएको छ ।

## तीन महिनाको विपद्ः
# ९३ जनाको मृत्यु, २२ बेपत्ता

काठमाडौं । गत बैशाखदेखि असारसम्मको तीन महिनामा दुई हजार ६५ वटा विपद्जन्य घटना भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यो वर्षको तीन महिनामा ती विपद्जन्य घटनामा परेर ९३ जनाको मृत्यु भएको छ भने २२ जना बेपत्ता भएका छन् ।

प्राधिकरणका प्रवक्ता एवं उपसचिव सुरेश सुनारका अनुसार ती घटनामा परेर अहिलेसम्म चार सय ४५ जना घाइते भएका छन् । उनले ती घटनामा परेर चार हजार १३६ परिवार प्रभावित भएका जानकारी दिए ।

प्राधिकरणले बिहीबार सार्वजनिक गरेको विसं २०८२ को पछिल्लो तीन महिनाको विवरणअनुसार बाढीका मात्रै एक सय ३७ घटना भएकामा ती घटनाबाट १३ जनाको मृत्यु र २२ जना बेपत्ता भएका छन् ।

केही दिनअघि गत असार २४ गते रसुवा भोटेकोशीमा आएको बाढीले सबैभन्दा बढी मानवीय क्षति गराएको थियो । माथिल्लो क्षेत्रमा भएको हिमताल विष्फोटबाट उक्त घटना



भएको थियो ।

यस्तै पहिरोका एक सय ७५ घटनामा छ जनाको मृत्यु भएको छ । चट्याङ्बाट २६, आगलागीबाट १४, जनावरको आक्रमणबाट १२ र लेक लागेर ११ जनाको मृत्यु भएको प्रवक्ता सुनारले जानकारी दिए । अन्य हावाहुरी, सर्पदंश, भारी वर्षाबाट पनि मानवीय क्षति भएको प्राधिकरणले जनाएको छ ।

बाढीबाट मात्रै एक हजार २४६ तथा आगलागीबाट एक हजार ४८ परिवार प्रभावित भएका छन् । पहिरो, चट्याङ्, भारी वर्षा, सर्पदंश, हावाहुरी, वन डढेलो, सर्पदंशलगायत घटनाबाट सयौं परिवार प्रभावित भएका जनाइएको छ ।

# प्रथम तिलोत्तमा कोरा साउन ३ गते हुँदै



तिलोत्तमा । तिलोत्तमामा प्रथम तिलोत्तमा कोरा २०२५ हुने भएको छ । जुलाई १९ मा विश्व साइकिल दिवस (कोरा दिवस)को अवसरमा तिलोत्तमा भित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थानहरु परिक्रमा गरी आन्तरिक पर्यटन प्रवर्धन तथा मानव सेवा आश्रमलाई सहयोग गर्न कार्यक्रम आयोजना गरिएको तिलोत्तमा राईडर्स क्लबले जनाएको छ ।

बिहीबार पत्रकार सम्मेलन गरी क्लबले तिलोत्तमा नगरभित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरुको पहिचान गराउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको तिलोत्तमा राइडर्सका अध्यक्ष अर्जुन गुरुङले बताए । साइक्लिङमार्फत् स्वास्थ्य जनचेतना फैलाउँदै तिलोत्तमाको आन्तरिक पर्या-पर्यटन प्रवर्धनमा समेत टेवा पुर्‍याउन तथा मानवसेवा आश्रमलाई सहयोग गर्न कार्यक्रम गरिएको अध्यक्ष गुरुङले बताए । नगरपालिकाले सहयोग गरेमा आगामी मंसिरमा तिलोत्तमा नगरलाई देशव्यापीरुपमा थप चिनाउन र प्रचार गर्न आफूहरुले देशभरका साइक्लिष्टहरुलाई ल्याएर तिलोत्तमाका सबै वडा परिक्रमा गर्ने गरी राष्ट्रियस्तरको साइकल यात्रा गर्ने तयारीमा रहेको अध्यक्ष गुरुङले पत्रकार सम्मेलनमा बताए ।

तिलोत्तमा राईडर्सका सचिव सुवास थापाले प्रथम तिलोत्तमा कोरामा अपेक्षा गरेभन्दा तेब्बर बढी साइक्लिष्टहरु सहभागी हुँदा आफूहरु उत्साहित भएको बताए । आफूहरुले बढीमा ८० जना सहभागी हुने अपेक्षा गरे पनि एक सय १० जनाले नाम दर्ता गराइसकेका सचिव थापाले जानकारी दिए ।

कार्यक्रममा ८ वर्षका बालक, महिला देखि ६७ वर्षका वृद्ध दम्पत्तिले समेत सहभागिता जनाउने कार्यक्रम संयोजक केवी कार्कीले बताए । कार्यक्रममा तिलोत्तमा ४ को दुर्गा मन्दिरबाट सुरु भएर तिलोत्तमाका विभिन्न स्थान हुँदै वनबाटिकामा पुगेर औपचारिक कार्यक्रमसहित समापन हुनेछ ।

कार्यक्रमलाई किड्स अब्रोड एजुकेसन कन्सल्टेन्सी र तिलोत्तमा नगरपालिकाको मुख्य सहयोग रहेको सचिव थापाले बताए ।

# काठमाडौंमा बढ्यो डेङ्गीको जोखिम




काठमाडौं । नियमित पानी परेकाले डेङ्गी सङ्क्रमणको जोखिम बढेको भन्दै काठमाडौं महानगरपालिकाले सचेत रहन आग्रह गरेको छ ।

विगत एक महिनादेखि नियमितजसो पानी परिरहेकाले 'एडिज' जातिका पोथी लामखुट्टेको टोकाइबाट लाग्ने डेङ्गीको सङ्क्रमणको जोखिम पनि बढेको भन्दै सचेत रहन आग्रह गरिएको महानगरको महामारी रोग रोकथाम तथा नियन्त्रणका लागि स्रोत व्यक्ति ऋषि भुषालले जानकारी दिए ।

डेङ्गीबाट कोही सङ्क्रमित भएमा वडामा रहेको स्वास्थ्य प्रवर्द्धन केन्द्रमार्फत् सिटामोल र जीवनजललगायत औषधि सहज उपलब्ध गराउन कामपाले सम्पूर्ण तयारी गरिसकेको पनि भुषालले बताए ।

जल तथा मौसम विज्ञान विभागले यस वर्षको वर्षायाममा विगतका वर्षमा भन्दा बढी पानी पर्ने भनेपछि डेङ्गीको जोखिम झन बढ्ने महानगरले जनाएको छ । सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र क्लिनिकमा कार्यरत स्वास्थयकर्मी, स्वास्थ्य स्वयंसेविका, सरसफाइमा काम गर्ने सरसफाइकर्मीले आ-आफ्नो टोलटोलमा पानी जमेको स्थानको सरसफाइसमेत गरिरहेका छन् ।

डेङ्गी रोग नियन्त्रण गर्नका लागि सामुदायिक विद्यालयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ । महानगरका ३२ वटै वडामा रहेका सामुदायिक विद्यालयका कक्षा ८, ९ र १० का विद्यार्थीलाई लक्षित गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको हो ।

**डेंगीको मुख्य लक्षण**

डेङ्गी सङ्क्रमण भएपछि बिरामीलाई ज्वरो आउने, आँखा रातो हुने र टाउको, पेट, जोर्नी मांसपेशी दुख्ने, आलस्य हुनेजस्ता लक्षण देखा पर्दछन् ।

टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा मांसपेसी दुख्ने, शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तस्राव हुने, शरीरमा रगत जमेको दाग देखापर्नेलगायत लक्षण रहेको भुषालले जानकारी दिए । एडिज जातको लामखुट्टेले बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकाले सो समयमा थप सचेत हुनुपर्ने छ ।

डेङ्गीबाट बच्न घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाउँमा पानी जम्न नदिने, पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरी छोपेर राख्ने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, बिहान, दिउँसो, राति जुनसुकै बेला झूल लगाएर मात्र सुत्ने, पूरै शरीर ढाक्ने लुगा लगाउने , काम नलाग्ने र पानी भरिनसक्ने सामान जस्तै बोतल, टायर, प्लाष्टिकका वस्तु पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने, पानी ट्याङ्की, फूलदानी, गमलामा राखिएको प्लेट राम्ररी सफा गर्नेलगायत उपाय अपनाउन महानगरको आग्रह छ ।

# एउटै फार्मबाट एकै सिजनमा नौ हजार कफीका बिरुवा बिक्री



पाल्पा । यहाँको रामपुर नगरपालिका-५ स्थित भम्बकका प्रेमबहादुर सिं ठकुरीले एकै सिजनमा नौ हजार कफीका बिरुवा उत्पादन गरी बिक्री गरेका छन् ।

उनले गतवर्ष करिब छ हजार बराबरको बिरुवा बिक्री गरेका हुन् । यो क्षेत्रमा फागुनदेखि असारसम्म कफीका बिरुवा रोप्ने गरिन्छ । ठकुरीले विगत तीन वर्षदेखि अरबिका जातको बिरुवा उत्पादन गरिरहेका छन् । प्रति बिरुवा रु ४० का दरले फार्मबाटै धमाधम बिक्री भइरहेको उनले बताए । नर्सरीमा दुई हजार ५०० बिरुवा बिक्री गर्न बाँकी रहेको उनले जानकारी दिए ।

यहाँ उत्पादन भएका बिरुवा पाल्पा, स्याङ्जा, पर्वतलगायतका जिल्लामा खपत हुने गरेको छ । बिरुवा राखेको १४ महिनामा लगाउन योग्य हुने गर्छ । ठकुरीले आफ्नै घरमा अर्गानिक चिया तथा कफी उद्योग समेत सञ्चालन गर्दै आएका छन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com